Contact:
Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza
Kathmandu
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

**Rastriya Banijya Bank Ltd.**
**Singhadurbar Plaza**
**Kathmandu**

# Press Release

Date: 2075.09.18

## रावा बैंकको ब्राण्ड एम्बासडरमा मिस नेपाल श्री श्रृंखला खतिवडा नियुक्त

राष्ट्रिय बाणिज्य बैंक लिमिटेडको आफ्नो व्यवसाय प्रवर्द्धनको लागि दी हिडन ट्रेजर प्रा.लि. मार्फत मिस नेपाल-२०१८ श्री श्रृंखला खतिवडालाई बुधबार पत्रकार सम्मेलन कार्यक्रमका बीच ब्रान्ड एम्बासडरमा नियुक्ती गरिएको छ । राष्ट्रिय वाणिज्य बैंक र दी हिडन ट्रेजर प्रा.लि. बीच भएको सम्झौतामा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र दी हिडन ट्रेजर प्रा.लिको तर्फबाट अध्यक्ष गोपाल सुन्दरलाल कक्षपतीले हस्ताक्षर गर्नु भएको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले राष्ट्रिय बाणिज्य बैंक अन्य बाणिज्य बैंकहरुसँग प्रस्तिस्पर्धा गर्दै अघि बढिरहेको र आगामी दिनमा यसको सेवालाई अझ विस्तार गर्दै लैजाने क्रममा आफ्नो व्यवसायलाई प्रवर्द्धन गर्नको लागि बैंकले  आफ्नो ब्रान्ड एम्बास्डरमा मिस नेपाल २०१८ श्री श्रृंखला खतिवडालाई नियुक्ती गरिएको बताउनुभयो । सो कार्यक्रममा दी हिडन ट्रेजर प्रा.लिको तर्फबाट अध्यक्ष गोपाल सुन्दरलाल कक्षपतीले सरकारी बैंकसँगको यस्तो सम्झौताले सरकारी संस्थाप्रति नीजि क्षेत्रको गुनासो कम हुंदै जाने र बैंकले नयाँ पुस्तामा समेत आफ्नो उपस्थिती सशक्त बनाउन सक्ने विश्वास लिएको बताउनुभयो । सो कार्यक्रममा मिस नेपाल २०१८ श्रृंखला खतिवडाले आफु सरकारी स्वमात्विमा रहेको बाणिज्य बैंकको ब्रान्ड एम्बास्टर हुन पाउदा अत्यन्त खुसी भएको बताउनुभयो ।

सो समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले मिस नेपाल २०१८ श्रृंखला खतिवडालाई ब्राण्ड एम्बासडरको प्रमाणपत्र हस्तान्तरण गनुभएको थियो ।

सो समारोहमा  नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारीले धन्यवाद तथा नायब महाप्रवन्धक टेकराज जोशीले कार्याक्रम संचालन गर्नुभएको थियो । कार्याक्रममा बैंकका विभागीय प्रमुखहरु, क्षेत्रीय प्रवन्धक, शाखा प्रवन्धकहरु, कर्मचारीहरु लगायत संचारकर्मीहरुको उपस्थिति रहेको थियो ।


राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
राष्ट्रिय वाणिज्य बैंक लि.
मिस नेपाल २०१८ श्रृंखला खतिवडालाई
ब्राण्ड एम्बास्डर घोषणा कार्यक्रम सम्बन्धी


राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
राष्ट्रिय वाणिज्य बैंक लि.
मिस नेपाल २०१८ श्रृंखला खतिवडालाई
ब्राण्ड एम्बास्डर घोषणा कार्यक्रम सम्बन्धी